# चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण सम्बन्धी एकीकृत कार्यविधि, २०७९

<u>कार्यकारी समितिको  मिति २०७९।४।१७ गतेको निर्णयानुसार स्वीकृत</u>

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ९ को खण्ड (झ) र दफा १७ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० र ३१ बमोजिम चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको सिट निर्धारण गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउन बाञ्छनीय भएकाले,

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ४६ बमोजिम आयोगको मिति २०७७।४।३० को बैठकबाट प्रत्यायोजित अधिकारको कार्यान्वयनका लागि नियमावलीको नियम ४ को खण्ड (झ) बमोजिम कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेदः एक

## <u>परिचय</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** यस मापदण्डको नाम "चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन सम्बन्धी एकीकृत कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा (३) बमोजमको आयोग सम्झनु पदर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले चिकित्सा शिक्षा अध्यापन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन सम्बन्धी एकीकृत कार्यविधि, २०७९ भन्ने सम्झनु पर्दछ ।

(घ) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेसासम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफेशनल एजुकेशन) सम्झनु पर्दछ ।

(ङ) "निर्देशक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिमको निर्देशक सम्झनु पर्दछ ।

(च) "निर्देशनालय" भन्नाले मापदण्ड तथा प्रत्यायन निर्देशनालयलाई सम्झनु पर्दछ ।

(छ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्दछ ।

(ज) "सिट" भन्नाले चिकित्सा शिक्षा सञ्चालनका लागि आयोगले शिक्षण संस्थालाई वार्षिक रूपमा अध्यापन गर्न पाउने गरी उपलब्ध गराएको विद्यार्थीको संख्या सम्झनु पर्दछ ।

(झ) "शिक्षण संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्दछ र सो शब्दले शिक्षण संस्था सञ्चालन गर्न दिइएको विस्तारित कार्यक्रमको अनुमतिलाई समेत जनाउँछ ।

## परिच्छेदः तीन

## अनुगमन तथा सिट निर्धारण सम्बन्धी व्यवस्था

३. **आवेदन गर्नुपर्नेः** स्नातक तह वा सोभन्दा माथिल्लो तहको अध्यापन गर्ने शिक्षणसंस्थाले प्रत्येक वर्ष आयोगले तोकेबमोजिम अध्यापन गर्ने सिटका लागि शिक्षण संस्थाको क्षमता, भौतिक पूर्वाधार, फ्याकल्टी, प्राज्ञिक गतिविधि, सेवा प्रवाहसमेत खोली अनलाइन प्रणालीबाट वा आयोगले तोकेबमोजिम स्वमूल्यांकन (Self-Appraisal) फाराम भर्नुपर्नेछ ।

४. **अनुगमन गरिनेः** (१) आयोगले प्रत्येक वर्ष चिकित्सा शिक्षा अध्यापन गर्ने गराउने विश्वविद्यालय/प्रतिष्ठान र अन्तर्गतका शिक्षण संस्थाको राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० को उपनियम (३) सँग सम्बन्धित सूचक (यार्डस्टिक), शिक्षण संस्थाको सेल्फ अप्राइजल तथा अनुगमन फारामका आधारमा गुणस्तरको सुनिश्चिता हुने गरी सम्बन्धित विषयको विज्ञ वा विज्ञ समूहद्वारा अनुगमन गराउने छ।

(२) उपदफा (२) बमोजिमको तहगत, विधागत तथा कार्यक्रमगत अनुगमन फाराम अनुसूची १, २, ३ र ४ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम खटिएको विज्ञ वा विज्ञ समूहले अनुगमनबाट फर्की आएपछि अनुगमन प्रतिवेदनको हार्ड कपी वा सफ्ट कपी वा आवश्यकताअनुसार दुवै प्रतिवेदन सात दिनभित्रमा निर्देशनालयमा पेस गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम अनुगमन गरी प्राप्त सूचनाका आधारमा शैक्षिक कार्यक्रम संचालनका लागि न्यूनतम मापदण्ड पूरा भएपश्चात भए सिट निर्धारणका लागि सिफारिश गर्नेछ ।

(५) उपदफा (१) बमोजिम खटिइ जाने विज्ञ वा विज्ञ समूहलाई आयोगको आर्थिक कार्यविधिअनुसारको दैनिक भ्रमण खर्च तथा भत्ता उपलब्ध गराइने छ ।

(६) काठमाण्डौ उपत्यका बाहिरबाट अनुगमन गरी फर्की आएपछि अनुगमन टोलीको समूहमा बसी प्रतिवेदन लेखनका लागि बढीमा तिन दिनसम्मको उपत्यकामा कार्य गरेबमोजिम ठहर्ने गरी दैनिक यातायात तथा खाजा खर्च उपलब्ध गराइनेछ ।

५. **<u>विज्ञ टोली खटाइने:</u>**(१) आयोगले प्रत्येक वर्ष चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको अनुगमन गर्नका लागि राष्ट्रिय चिकित्सा शिक्षा नियमावली,२०७७ को नियम १० बमोजिम मापदण्ड तथा प्रत्यायन निर्देशनालयले तयार गरेको विज्ञहरूको रोष्टर वा सम्बन्धित विषयको विज्ञ वा विज्ञसमूहबाट अनुगमन गरी/गराई सो प्रतिवेदनको आधारमा सिट निर्धारण गर्नेछ।

(२) विज्ञ वा विज्ञ टोलीले स्थलगत अनुगमन गरी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को अनुसूची (४) बमोजिम रुजु सूची फाराम समेतका आधारमा विवरण संकलन तथा विश्लेषण गरी सिट निर्धारणका लागि मापदण्ड तथा प्रत्यायन निर्देशनालयमा सिफारिशसहित पेस गर्नुपर्नेछ ।

६. **<u>सिट निर्धारण सिफारिश समिति:</u>** (१) दफा ५ बमोजिमको विज्ञ टोलीले दिएको प्रतिवेदन, सम्बन्धित शिक्षण संस्थाले विगतमा अध्यापन गरिरहेको कार्यक्रम, फ्याकल्टीको अद्यावधिकता लगायतका विषयको विश्लेषण गरी प्रत्येक वर्ष सिट निर्धारणका लागि कार्यकारी समितिमा सिफारिश गर्न देहायबमोजिमको सिट निर्धारण सिफारिश समिति रहनेछः

(अ) स्नातक तथा स्नातकोत्तर तहको सिट निर्धारण सिफारिस समिति

(क) निर्देशक, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय संयोजक

(ख) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय सहसंयोजक

(ग) संयोजकको सिफारिसमा उपाध्यक्षले तोकेका सम्बन्धित

विषयका विज्ञ ३ जना सदस्य

(घ) संयोजकको सिफारिसमा उपाध्यक्षले तोकेका विश्वविद्यालय तथा प्रतिष्ठानका डिन/सहायक डिनहरुमध्येबाट ३ जना सदस्य

(ङ) उपसचिव, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय सदस्यसचिव

(आ) डिएम/एमसिएच वा सोसरहको सिट निर्धारण सिफारिस समिति

(क) निर्देशक, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय संयोजक

(ख) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय सह संयोजक

(ग) डिएम/एमसिएच वा सोसरहको कार्यक्रम संचालन गर्ने

विश्वविद्यालय तथा प्रतिष्ठानका डिन/रेक्टरहरुमध्येबाट

संयोजकको सिफारिशमा उपाध्यक्षले तोकेका ४ जना सदस्य

(ङ) उपसचिव, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय सदस्यसचिव

समितिको मुख्य कार्य देहायबमोजिम हुनेछ

(क) अनुगमनमा खटिएका विज्ञबाट प्राप्त प्रतिवेदनको विश्लेषण

(ख) विभिन्न शिक्षण संस्थाले स्वमूल्यांकन (सेल्फ अप्राइजल) का लागि पेस गरेका कागजातको अध्ययन तथा विश्लेषण

(ग) तोकिएका मापदण्ड र यार्डस्टिक (Yardsticks) बमोजिम सम्बन्धित शिक्षण संस्थालाई दिन सकिने सिटका लागि सिफारिश

(घ) शिक्षण संस्थाको सिट निर्धारण सम्बन्धमा समिति तथा निर्देशनालयले तोकेका अन्य कार्य ।

(इ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिज कार्यक्रमको सिट निर्धारण सिफारिश समिति

(क) निर्देशक, नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशक संयोजक

(ख) निर्देशक, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय सहसंयोजक

(ग) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालयका सदस्य

(घ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्डबाट तोकिएका विज्ञ एकजना सदस्य

(ङ) संयोजकको सिफारिशमा उपाध्यक्षबाट तोकिएको सम्बन्धित विषयको विज्ञ दुईजना सदस्य

(च) नेशनल बोर्ड अफ मेडिकल स्पेशियालिटिजका सदस्यसचिव सदस्यसचिव

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

टोलीद्वारा प्रस्तुत प्रतिवेदनलाई मुख्य आधार मानी गुणस्तर मूल्याङ्कन समितिले Yardstick बनाई सोका आधारमा निम्न कुराहरुमा मूल्याङ्कन गर्नेछ ।

क) संस्थाहरुको भौतिक पूर्वाधार ( Infrastructure/Hospital Services)

ख) सम्बन्धित स्पेसियालिटी तथा सव स्पेसियालिटी कार्यक्रम अन्तर्गत विभिन्न विभागका पूर्वाधारहरुको मूल्याङ्कन

ग) प्राज्ञिक कार्यहरुका लागि उपलब्ध स्रोत साधनहरुको मूल्याङ्कन

घ) शैक्षिक जनशक्तिको उपलब्धता तथा प्राज्ञिक इकाइ (Academic Unit) को आँकलन

ङ) नेपाल सरकार स्वास्थ्य मन्त्रालय शिक्षा मन्त्रालय मेडिकल काउन्सिलहरु अन्तर्गतका मापदण्ड लागू हुने अवस्थामा सोको आँकलन

च) संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत पुऱ्याएको सेवाको मूल्याङ्कन

छ) संस्थाले प्राज्ञिक उन्नयन तथा अनुसन्धान क्षेत्रमा गरेको कार्यको मूल्याङ्कन

ज) नेसनल बोर्ड अन्तर्गत चिकित्सा शिक्षा आयोगसँगको सहकार्य तथा दूरगामी स्थायित्वको आँकलन

झ) समितिले आवश्यक ठहऱ्याएका अन्य बुँदा केही भए सो को मूल्याङ्कन

(३) उपदफा (१) बमोजिमको समितिका सदस्यले आयोगको आन्तरिक कोष संचालन कार्यविधि बमोजिमको बैठकभत्ता पाउनेछन् ।

(४) समितिले बैठक संचालन सम्बन्धी आवश्यक कार्यविधि आफैं तयार गर्नेछ ।

७. **<u>सिट निर्धारणका आधारः</u>** (१) सिट निर्धारणका मुख्य आधार देहायबमोजिम हुनेछन् ।

(क) शिक्षण संस्थाको प्राज्ञिक कुशलता, कार्यरत फ्याकल्टी, भौतिक पूर्वाधार तथा प्रदान गरिएको सेवा

(ख) अघिल्लो शैक्षिक सत्रमा निर्धारित सिट संख्या, उक्त सिट संख्यामा भर्ना भएको विद्यार्थी संख्या

(ग) शिक्षण संस्था तथा सो शिक्षण संस्थासम्बद्ध अस्पतालले प्रदान गरेको स्वास्थ्य सेवा

(घ) शिक्षण संस्थाको सेल्फ अप्राइजल र विज्ञबाट भएको मूल्यांकन

(ङ) नियमितरुपमा आयोगले तोकेको अनुगमन शुल्क बुझाएको

(च) आयोगबाट जारी निर्देशनको प्रभावकारी कार्यान्वय

(२) आयोगबाट जारी निर्देशनको तदारुकताका साथ पालना गर्नु सवै शिक्षण संस्थाको कर्तव्य हुनेछ र आयोगका निर्णय र ऐन विपरीत कार्य गर्ने शिक्षण संस्थाको सिट निर्धारण गर्न आयोग बाध्य हुने छैन ।

(३) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटी अन्तर्रगतका कार्यक्रमको सेल्फ अप्राइजल र अन्य व्यवस्था "नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटी अन्तरगत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरुको अनुगमन, गुणस्तर मूल्यांकन तथा सिट निर्धारण कार्यविधि, २०७८ (स्पेसियालिटी तथा सव स्पेसियालिटी)" बमोजिम हुनेछ ।

## परिच्छेदः चार

## <u>स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी थप व्यवस्था</u>

८. **<u>प्राज्ञिक एकाइः</u>** (१) स्नातकोत्तरको विषयगत सिट संख्या निर्धारण गर्दा प्राज्ञिक इकाइलाई मूल आधार लिइने छ ।

(२) प्राज्ञिक एकाइ देहायबमोजिम हुनेछ ।

(क) शिक्षण संस्थामा कार्यरत फ्याकल्टी (शिक्षक) मा कम्तीमा एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक भएमा त्यसलाई एक प्राज्ञिक एकाइ मानिने छ ।

(ख) प्राज्ञिक एकाइमा कम्तीमा एकजना प्राध्यापक, एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक भएमा <u>तीन सिट</u> प्रदान गर्न सकिने छ ।

(ग) प्राज्ञिक एकाइमा कम्तीमा एकजना प्राध्यापक र दुईजना उप प्राध्यापक भएमा <u>दुई सिट</u> दिन सकिने छ ।

(घ) प्राज्ञिक एकाइमा कम्तीमा एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक भएमा <u>एक सिट</u> दिन सकिने छ ।

(ङ) सहप्राध्यापकको कोटा हिसाबमा मिलान भई बाँकी रहन आएमा उक्त संख्यालाई समेत उप प्राध्यापकमा गणना गर्न सकिने छ ।

(च) DM/MCh कार्यक्रम संचालन भएका संस्थाको हकमा DM/MCh कार्यक्रममा प्रसेप्टर (गाइड) भएका फ्याकल्टी समेतलाई गणना गर्न बाधा पर्ने छैन भने प्राज्ञिक संस्थाको पदाधिकारीका हकमा सम्बन्धित पदाधिकारीको अनुरोधमा फ्याकल्टीको रुपमा गणना गर्न सकिनेछ ।

(छ) प्राज्ञिक एकाइ पूरा नभएको शिक्षण संस्थामा सिट उपलब्ध गराइने छैन ।

(ज) प्राज्ञिक इकाइमा रहने फ्याकल्टीको उमेर हद क्लिनिकल विषयमा ७३ र ननक्लिनिकल तथा डेन्टलतर्फ ७५ बर्षभन्दा बढी हुनेछैन ।

(झ) नर्सिङ लगायतका अन्य कार्यक्रमको सिट निर्धारण सम्बन्धमा सम्बन्धित विश्वविद्यालय/प्रतिष्ठानको प्रस्ताव, विगतमा अपनाइएका मापदण्ड र सम्बन्धित काउन्सिलले अपनाइ आएका मापदण्डका आधारमा प्राज्ञिक इकाइ र सेवा समेतलाई ध्यानमा राखी सिट निर्धारण गरिनेछ ।

(ञ) Medical Imaging Technology (MIT), Forensic Medcine, Physiotherapy जस्ता विषयमा आवश्यक जनशक्तिको कमी भएकाले प्राज्ञिक इकाइको गणना गर्दा विषयसँग सम्बन्धित अन्य फ्याकल्टीको संलग्नतालाई समेत मान्यता दिइनेछ ।

(ट) डेन्टल विधाको हकमा हाल देशमा संचालन भइरहेका शिक्षण संस्थामा संचालन भइरहेका कार्यक्रम हेर्दा निम्नलिखित विधाका विशेषज्ञहरुमा अन्य विधाबाट पनि फ्याकल्टीहरुलाई प्राज्ञिक एकाइ गणना गर्न सकिनेछ ।

१. Public Health Dentistry मा Community Medicine बाट एकजना

२. Oral Pathology मा General Pathology बाट एकजना

३. Oral Medicine मा Periodontics वा Oral Pathology बाट एकजना

(ठ) चिकित्सा शिक्षा अध्यापन गराउने विश्वविद्यालय/प्रतिष्ठान तथा शिक्षणसंस्थाले प्रयोगात्मक विषय अध्यापन र अभ्यास गर्नका लागि आफ्नो शिक्षण अस्पताल सोही विश्वविद्यालय/प्रतिष्ठानका लागि मात्र मान्य हुने र अन्य विश्वविद्यालय/प्रतिष्ठान/शिक्षणसंस्थाले समेत सोही अस्पताल प्रयोग गरेको अवस्थामा त्यसलाई आधार मानेर सिट निर्धारण गरिने छैन ।

तर सरकारी अस्पताल प्रयोग गर्ने सरकारी शिक्षण संस्थाको नर्सिङ विषयको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहमती पत्रानुसार सहुलियत दिन बाधा पर्ने छैन ।

## परिच्छेदः पाँच

## डिएम/एमसिएच वा सो सरहको सिट निर्धारण सम्बन्धी थप व्यवस्था

९. **डिएम/एमसिएच वा सो सरहको सिट निर्धारण सम्बन्धी व्यवस्थाः** (१) डिएम/एमसिएच वा सो सरहको सिट निर्धारणका लागि देहायका आधार अपनाइने छ ।

क. विश्वविद्यालय अन्तर्गतका आंगिक शिक्षण संस्था एवम् स्वास्थ्य विज्ञान प्रतिष्ठानका नियमित चलिरहेका कार्यक्रममा फ्याकल्टी र सम्बन्धित निकायको पत्रका आधारमा पूर्वाधार, फ्याकल्टी लगायतका मापदण्ड पूरा भएको पाइएमा सो बमोजिम सिट निर्धारण गर्ने ।

ख. विश्वविद्यालयका सम्बन्धन प्राप्त कलेजको हकमा सम्बन्धित विश्वविद्यालयको राय समेतका आधारमा आयोगले अनुगमन गरी सिट निर्धारणका लागि सिफारिश गर्ने ।

ग. सिट निर्धारणका लागि सम्बन्धित विषयमामा कम्तीमा देहायका फ्याकल्टी भएको प्राज्ञिक एकाइ भएमा मात्र सिट निर्धारण गर्ने ।

१. सम्बन्धित विधाका विज्ञ प्राध्यापक -१ जना

२. सम्बन्धित विधाका विज्ञ सहप्राध्यापक -१ जना

३. सम्बन्धित विधामा कार्यरत उपप्राध्यापक – २ जना

वा

सम्बन्धित विधामा DM/Mch विज्ञ सह प्राध्यापक -१ जना

सम्बन्धित विधामा कार्यरत उपप्राध्यापक - ३ जना

घ. सम्बन्धित विभाग/यूनिटमा देहायबमोजिमको बेडका आधारमा सिट निर्धारण गर्ने

१. विभाग भएमा ३० बेड

२. यूनिट भएमा २० बेड

ङ. सवै विश्वविद्यालय र प्रतिष्ठानमा संचालन हुने DM/MCh उपाधिका विधाहरुको नामाकरणमा एकरुपता कायम गर्ने ।

(२) उपदफा (१) बमोजिम सिट निर्धारण गर्दा प्रिसेप्टरको न्यूनतम योग्यता सम्बन्धित विधामा कम्तीमा १० वर्ष अध्यापन गरेको प्राध्यापक वा प्राध्यापक भएपश्चात् स्नातकोत्तर तहको सम्बन्धित विधामा कम्तीमा ५ वर्ष अध्यापन गरेको वा DM/MCh गरी सम्बन्धित विधामा कम्तीमा २ वर्ष अध्यापन गरेको सह प्राध्यापक हुनेछ ।

## परिच्छेदः छ

## विविध

१०। **फ्याकल्टीको सत्यापनः** (१) Self-Appraisal (स्व मूल्यांकन प्रतिवेदन) मा शिक्षण संस्थाले पेस गरेका फ्याकल्टी सोही संस्थामा कार्यरत रहे नरहेको आधारमा सत्यापन गर्ने कार्य सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान तथा काउन्सिलसँगको समन्वय र परामर्शमा गरिने छ ।

(२) सम्बन्धित विधाका फ्याकल्टीहरुको विषयमा आयोगमा प्राप्त उजुरीको छानवीन, अनुगमन गर्ने विज्ञका सुझावसमेतका आधारमा सिट निर्धारण समितिले सिट निर्धारणका लागि सिफारिश गर्नेछ ।

(३) सम्बन्धित फ्याकल्टीको आफू कार्यरत संस्थामा बाहेक अन्यत्र संलग्नता नरहेको भनी अनुसूची ३ बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ ।

११. **निर्णयानुसार हुनेः** (१) सिट निर्धारण सिफारिश समितिले समग्र पक्षको विश्लेषण गरी सिट निर्धारणका लागि सिफारिशसहित तयार गरेको प्रतिवेदन कार्यकारी समिति समक्ष पेस गर्नेछ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिम हुन आउने सिट निर्धारण गर्न आयोग समक्ष पेस गर्ने छ वा आयोगबाट प्राप्त अधिकार बमोजिम सिट निर्धारण गर्नेछ ।

१२. **अभिमुखीकरण गरिनेः** (१) सिट निर्धारण प्रयोजनार्थ र अन्य प्राज्ञिक अनुगमनका लागि खटाउँदा खटी जाने विज्ञलाई अनुगमनमा जानुपूर्व निर्देशनालयले अभिमुखीकरण गर्नेछ ।

(२) विज्ञलाई अभिमुखीकरण कार्यक्रममा समेत नियमानुसारको दैनिक भत्ता उपलब्ध गराइनेछ ।

१३. **तटस्थ रहनु पर्नेः** विज्ञले कुनै पनि शिक्षण संस्थाको अनुगमन गर्दा निष्पक्ष र तटस्थ ढंगले गर्नुपर्नेछ ।यसरी अनुगमन गर्न जाने संस्थामा अनुगमकर्ताको कुनै पनि संलग्नता नभएको भनी अनुसूची ५ बमोजिमको कबुलियतनामा गर्नुपर्नेछ ।

१४. **<u>अनुगमनकर्ताको आचार संहिता:</u>** (१) अनुगमनकर्ताको आचार संहिता देहायबमोजिम हुनेछः

(क) फिल्डमा जानुपूर्व आफूले गर्ने कार्य र अनुगमन गर्न लागेको शिक्षण संस्थाका बारेमा कहींकतै कुनैपनि तवरले जानकारी गराउन वा सूचना दिन नहुने ।

(ख) अनुगमनका क्रममा कुनैपनि शिक्षणसंस्थाको आतिथ्यता तथा उपहार स्वीकार्न नहुने।

(ग) अनुगमन गरिएको शिक्षणसंस्थाको स्वतन्त्र र मर्यादा कायम राखी अनुगमन गर्नुपर्ने । अनुगमन स्थलमा उक्त संस्थाको यो वा त्यो पक्ष राम्रो वा नराम्रो भनी टिका टिप्पणी गर्न नहुने ।

(घ) अनुगमन हुने शिक्षण संस्थामा अनुगमनकर्ताको कुनैपनि प्रकारको आबद्धता हुन नहुने ।

(२) उपदफा (१) बमोजिम गरेको कार्यको सूचना आफू बहालमा रहँदा वा नरहँदा समेत सम्बन्धित व्यक्तिले गोप्य राख्नुपर्नेछ ।

१५. **<u>नियमित अनुगमन हुने:</u>** (१) आयोगले आवश्यक ठानेमा विश्वविद्यालय/प्रतिष्ठान/शिक्षणसंस्थाको आवश्यकताअनुसार प्राज्ञिक तथा प्रशासनिक अनुगमन नियमित रुपमा गर्न सक्नेछ ।

(२) मापदण्ड तथा प्रत्यायन निर्देशनालयले यस निर्देशिकाको अनुसूचीमा समावेश भएको अनुगमन फाराममा आवश्यकताका आधारमा थप तथा संशोधन गर्न सक्नेछ ।

१६. **<u>कार्यविधि बमोजिम मानिने:</u>** यस कार्यविधिमा नपरेका विषयमा थप निर्णय गर्नुपरेमा समितिले गरेको निर्णय यसै कार्यविधिबमोजिम भएको मानिनेछ ।

१७. **<u>निगरानी राख्न सक्ने:</u>** आयोगले खटाएको विज्ञले अनुगमनका क्रममा गरेका काम कारवाहीको आयोगले सूक्ष्म निगरानी राख्न सक्नेछ ।

१८. **<u>बचाउ र खारेजी:</u>** (१) यो कार्यविधि लागू हुनुभन्दा पहिले आयोगबाट भए गरेका अनुगमन र सिट निर्धारण सम्बन्धी व्यवस्था यसै कार्यविधि बमोजिम भएको ठहर्ने छ ।

(२) यो कार्यविधि लागू भएपछि देहायका कार्यविधि खारेज हुने हुनेछन् ।

(क) चिकित्सा शिक्षा अध्यापन गर्ने विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन कार्यविधि, २०७७

(ख) स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७